# त्रिवेणी गाउँपालिका

# विनियोजन ऐन, २०७९

असार, २०७९

# त्रिवेणी गाउँपालिका विनियोजन ऐन, २०७९

त्रिवेणी गाउँपालिकाको आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

सभाबाट स्वीकृत मितिः २०७९/०३/१४

प्रस्तावनाः त्रिवेणी गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम त्रिवेणी गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "त्रिवेणी गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०७९।०८० को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४९,३५,६५,४२२।- (अक्षरुपी उनन्पचास करोड पैंचिस लाख पैसठ्ठी हजार चारसय बाइस रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त त्रिवेणी गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

४. <u>खर्च जुटाउने स्रोत</u> : (१) त्रिवेणी गाउँपालिका विनियोजन ऐन, २०७९ बाट विनियोजित रकमको स्रोतको रुपमा संघिय सरकारबाट प्राप्त हुने अनुदान रकम, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम, राजस्व बाँडफाटबाट प्राप्त हुने रकम, अन्तरसरकारी स्तर तथा विभिन्न गैरसरकारी सस्थाहरुबाट समपुरक कार्यक्रम मार्फत प्राप्त हुने रकम, स्थानिय संचित कोषको मौज्दात रकम, आन्तरीक आम्दानी, कानुन बमोजिम निर्दिष्ट गरिएको आन्तरिक तथा बाह्य ऋृण आदि स्रोतको उपयोग गरिनेछ ।

(२) आर्थिक बर्ष २०७९।०८० को निमित्त अनुसुचि (२) बमोजिम स्रोत जुटाइनेछ ।

**५. रकमको बाँडफाट** : (१) गाउँपालिकाको लक्ष्य, नीति तथा कार्यक्रम अनुसार निर्धारीत सिद्धान्त तथा प्राथमिकता, स्रोतको उपलब्धता, नागरीकको चाहाना, आन्तरीक आयको स्तर, जनसंख्या र भौगोलिक अवस्था आदिका आधारमा बजेटको बाँडफाट गरिनेछ ।

६. **सञ्चित कोष हिसाब मिलान** : (१) आ.व. २०७९।०८० को आय व्यय अनुमानमा सञ्चित कोषको सम्भावित मौज्दात रकमलाई आधार मानी बजेट विनियोजन गरिनेछ ।

(२) आर्थिक बर्षको समाप्ति पछि हुने हिसाब मिलान बाट खुद मौज्दात रकम बढि हुन आइ, तत्काल केही गर्न आवश्यक देखिएमा आवश्यक कार्यक्रम बनाई खर्च गर्ने प्रयोजनका लागी गाउँपालिका अध्यक्षले गाउँसभाबाट स्वतः प्रत्यायोजित अधिकार प्रयोग गर्नेछ ।

(३) उपदफा (२) अनुसारको खर्च विवरण गाउँकार्यपालिका बाट त्रैमासिक रुपमा अनुमोदन गराउनुपर्नेछ ।

तर, एक करोड रुपैयाँभन्दा बढि रकमको हकमा गाउँसभाबाट अनुमोदन गराउँनुपर्नेछ ।

७. **थप अनुदान तथा निकासा रकमः** (१) संघिय सरकार, प्रदेश सरकार तथा अन्य निकायहरुबाट चालु आर्थिक बर्ष ०७८/०७९ का लागी प्राप्त हुने बिशेष अनुदान, समपुरक अनुदान, सशर्त अनुदान तथा अन्य कुनै पनि प्रकारका अनुदान रकमहरु (TSA/LMBIS Entry समेत) को खर्च तथा सोको कार्यन्वयनका लागी सोहि निकासा वा अनुदानका शर्तको अधिनमा रहि कार्यन्वयन गरिनेछ ।

२ बजेट कार्यान्वयनको क्रममा बार्षिक बजेट तथा कार्यक्रममा समावेश नभएको कुनै अत्यावश्यक दायित्व सिर्जना भएमा गाउँकार्यपालिकाले निर्णय गरी खर्च गर्न सक्नेछ ।

८. **खर्च तथा सोको भुक्तानीः** (१) यस ऐनको परिधी भित्र रहि बजेट तथा कार्यक्रम अनुसार बाँडफाँड भए बमोजिम योजनाको कार्यन्वयन प्रशासनिक रुपमा प्रमुख प्रशासकीय अधिकृतले विद्यमान कानुनको परिधी भित्र रहि गर्नेछ ।

(२) वडाको सिफारीस, प्राविधिक प्रतिवेदन, कार्यपालिकाको निर्णय तथा विद्यमान कानुनको परिधीभित्र रहि गरीएको खर्चलाई कानुन बमोजिम भएको मानिनेछ ।

(३) कुनै खर्चको बैधानिकता सम्बन्धमा कैफियत देखिएमा सोको विवरण कार्यपालिका समक्ष पेश गरे पश्चात, बजेट तथा कार्यक्रमको परिधि भित्र रहि खर्च गरीएको रहेछ भने सम्बन्धित वडा तथा गाउँकार्यपालिकाको भुक्तानी आदेश मानी कार्यपालिकाले खर्च अनुमोद गर्नुपर्नेछ । र सो खर्चको लागी गाउँसभाबाट प्रत्यायोजित अधिकार प्रयोग गर्ने गरी जिम्मेवार अंग गाउँकार्यपालिका हुनेछ ।

९. **आयोजना व्यवस्थापन खर्च, कन्टिन्जेन्सि तथा मर्मत सम्भार खर्च** (१) पुँजिगत प्रकृतिका आयोजनाहरु, पूर्वाधार सम्बद्ध निर्माण कार्य तथा कार्यक्रमहरु समेतबाट कुल लागत अनुमानको ४ प्रतिशतका दरले हुन आउने रकम कन्टेन्जिन्सि रकम वाफत कट्टा गरिनेछ । जसलाई स्थानीय संचित कोष व्यवस्थापन प्रणालीमा रहेको एक कोष तयार गरिनेछ र सो को कन्टेन्जेन्सी खर्च व्यवस्थापन कार्यविधिअनुसार परिचालन गरिनेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

<u>संचित कोषबाट विनियोजन हुने रकम</u>

| कार्यक्रम कोड | कार्यक्रम नाम | खर्च शीर्षक | श्रोत | दाता | स्रोत समूह | संकेत | कार्यक्रम | स्थानीय तहमा बाँडफाड हुने रकम | सशर्त | कुल जम्मा | प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | *पारिश्रमिक* | | | | | | | | | | |
| | गाउँपालिका स्थायी कर्मचारी तलव | | | | | | | 20000000 | | 20000000 | |
| | कर्मचारी पोषाक (स्थायी कर्मचारी) | | | | | | | 330000 | | 330000 | |
| | स्थानीय भत्ता | | | | | | | 2800000 | | 2800000 | |
| | महंगी भत्ता | | | | | | | 800000 | | 800000 | |
| | गाउँपालिका करार कर्मचारी तलव | | | | | | | 12000000 | | 12000000 | |
| | कर्मचारी पोषाक (करार कर्मचारी) | | | | | | | 400000 | | 400000 | |
| | गाउँपालिका करार शिक्षक कर्मचारी पारिश्रमिक | | | | | | | 50000000 | | 50000000 | |
| | करार स्वास्थ्य कर्मचारी पारिश्रमिक | | | | | | | 10000000 | | 10000000 | |
| | कृषि तथा पशुसेवाका OVOT/करार कर्मचारी पारिश्रमिक | | | | | | | 1650500 | | 1650500 | |
| | गाउँ प्रहरी पारिश्रमिक | | | | | | | 3000000 | | 3000000 | |
| | पदाधिकारी सेवा सुविधा | | | | | | | 7100000 | | 7100000 | |
| | **जम्मा** | | | | | | | **108080500** | | **108080500** | |
| | *प्रशासनिक चालु* | | | | | | | | | | |
| | विविध खर्च (वडा कार्यालय) | | | | | | | 5000000 | | 5000000 | |
| | कर्मचारी बैठक भत्ता | | | | | | | 300000 | | 300000 | |
| | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | | | | | | | 50000 | | 50000 | |
| | पदाधिकारी बैठक भत्ता | | | | | | | 500000 | | 500000 | |

| कार्यक्रम कोड | कार्यक्रम नाम | खर्च शीर्षक | श्रोत | दाता | स्रोत समूह | संकेत | कार्यक्रम | स्थानीय तहमा बाँडफाड हुने रकम | सशर्त | कुल जम्मा | प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पानी तथा बिजुली | | | | | | | 300000 | | 300000 | |
| | संचार महसुल | | | | | | | 800000 | | 800000 | |
| | इन्धन पदाधिकारी | | | | | | | 700000 | | 700000 | |
| | इन्धन कार्यालय प्रयोजन | | | | | | | 1000000 | | 1000000 | |
| | सवारी साधन मर्मत खर्च | | | | | | | 1700000 | | 1700000 | |
| | बीमा तथा नविकरण खर्च | | | | | | | 200000 | | 200000 | |
| | मेशीनरी तथा औजार मर्मत सम्भार खर्च | | | | | | | 300000 | | 300000 | |
| | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च | | | | | | | 200000 | | 200000 | |
| | मसलन्द तथा कार्यालय सामग्री | | | | | | | 3700000 | | 3700000 | |
| | पुस्तक तथा प्रगति प्रतिवेदन प्रकाशन खर्च | | | | | | | 300000 | | 300000 | |
| | इन्धन अन्य प्रयोजन | | | | | | | 100000 | | 100000 | |
| | सूचना प्रकाशन खर्च | | | | | | | 500000 | | 500000 | |
| | सेवा र परामर्श खर्च | | | | | | | 2000000 | | 2000000 | |
| | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | | | | | | | 500000 | | 500000 | |
| | जनप्रतिनिधि तथा कर्मचारी तालिम खर्च | | | | | | | 500000 | | 500000 | |
| | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी संचालन खर्च | | | | | | | 300000 | | 300000 | |
| | कार्यक्रम खर्च | | | | | | | 1500000 | | 1500000 | |
| | विविध कार्यक्रम खर्च | | | | | | | 700000 | | 700000 | |
| | अनुगमन मूल्यांकन खर्च | | | | | | | 1000000 | | 1000000 | |
| | भ्रमण खर्च | | | | | | | 300000 | | 300000 | |
| | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | | | | | | | 300000 | | 300000 | |
| | अन्य भ्रमण खर्च | | | | | | | 150000 | | 150000 | |

| कार्यक्रम कोड | कार्यक्रम नाम | खर्च शीर्षक | श्रोत | दाता | स्रोत समूह | संकेत | कार्यक्रम | स्थानीय तहमा बाँडफाड हुने रकम | सशर्त | कुल जम्मा | प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विविध खर्च | | | | | | | 1350000 | | 1350000 | |
| | सभा संचालन खर्च | | | | | | | 600000 | | 600000 | |
| | राहत विपत् उद्दार, दीर्घरोगी तथा पुनर्स्थापना खर्च | | | | | | | 1100000 | | 1100000 | |
| | घरभाडा कार्यालय प्रयोजन | | | | | | | 900000 | | 900000 | |
| | सवारी साधन तथा मेशीनरी औजार भाडा | | | | | | | 500000 | | 500000 | |
| | भैपरी आउने चालु खर्च | | | | | | | 2584922 | | 2584922 | |
| | सुशासन प्रवर्द्धन (सार्वजनिक सुनुवाई) | | | | | | | 500000 | | 500000 | |
| | डिजिटल नक्सा निर्माण (नापी) | | | | | | | 500000 | | 500000 | |
| | सूचना तथा सञ्चार /रेडियो कार्यक्रम | | | | | | | 1000000 | | 1000000 | |
| | फोहोरमैला व्यवस्थापन | | | | | | | 500000 | | 500000 | |
| | सिम्रुतु सभाहलमा शौचालय निर्माण | | | | | | | 300000 | | 300000 | |
| | **जम्मा** | | | | | | | **32734922** | | **32734922** | |
| | ***लागत साझेदारी(Matching Fund)*** | | | | | | | ***29000000*** | | ***29000000*** | |
| | ***शाखागत बजेट*** | | | | | | | | | | |
| | न्यायिक समिति | | | | | | | 1000000 | | 1000000 | |
| | महिला तथा बालबालिका | | | | | | | 1000000 | | 1000000 | |
| | कृषि | | | | | | | 2500000 | | 2500000 | |
| | पशुसेवा | | | | | | | 2500000 | | 2500000 | |
| | शिक्षा | | | | | | | 3000000 | | 3000000 | |
| | स्वास्थ्य | | | | | | | 4000000 | | 4000000 | |
| | आयुर्वेद | | | | | | | 600000 | | 600000 | |
| | बहुक्षेत्रीय पोषण | | | | | | | 300000 | | 300000 | |

| कार्यक्रम कोड | कार्यक्रम नाम | खर्च शीर्षक | श्रोत | दाता | स्रोत समूह | संकेत | कार्यक्रम | स्थानीय तहमा बाँडफाड हुने रकम | सशर्त | कुल जम्मा | प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | | | | | | | **14900000** | | **14900000** | |
| | *लक्षित वर्ग* | | | | | | | | | ***0*** | |
| | महिला क्षमता विकास कार्यक्रम | | | | | | | 500000 | | 500000 | |
| | दलित क्षमता विकास कार्यक्रम | | | | | | | 500000 | | 500000 | |
| | युवा तथा खेलकूद | | | | | | | 500000 | | 500000 | |
| | शहिद परिवार सम्मान | | | | | | | 300000 | | 300000 | |
| | कला साहित्य संस्कृति | | | | | | | 500000 | | 500000 | |
| | **जम्मा** | | | | | | | 2300000 | | 2300000 | |
| | *वडागत बाँडफाँड* | | | | | | | ***10000000*** | | ***10000000*** | |
| | *चालु आवको दायित्व सर्ने पारिश्रमिक खर्च* | | | | | | | ***8900000*** | | ***8900000*** | |
| | **स्थानीय तहमा हुने बाँडफाँडको जम्मा** | | | | | | | **205915422** | | **205915422** | |
| | *संघीय सरकार समपूरक अनुदान* | | | | | | | | *10000000* | *10000000* | |
| | *संघीय सरकार विशेष अनुदान* | | | | | | | | *10000000* | *10000000* | |
| | *संघीय शसर्त अनुदान* | | | | | | | | *222100000* | *222100000* | |
| | *कर्णाली प्रदेश समपूरक अनुदान* | | | | | | | | *10000000* | *10000000* | |
| | *कर्णाली प्रदेश विशेष अनुदान* | | | | | | | | *8000000* | *8000000* | |
| | *कर्णाली प्रदेश शसर्त अनुदान* | | | | | | | | *27550000* | *27550000* | |
| | **आ.व २०७९।०८० को कूल अनुमानित बजेट** | | | | | | | **205915422** | **287650000** | **493565422** | |

# अनुसूचि-२

(दफा ४ (२) संग सम्बन्धित)

विनियोजनका लागी जुटाइने स्रोतको विवरण

| क्र सं | श्रोत | रकम |
|---|---|---|
| १ | संघीय सामानीकरण अनुदान | ९५६००००० |
| २ | प्रदेश समानीकरण अनुदान | ९२२१००० |
| ३ | संघीय राजस्व बाँडफाड | ८०५८७००० |
| ४ | कर्णाली प्रदेश राजस्व बाँडफाड | ५०७४२२ |
| ५ | आन्तरिक राजस्व | १०००००० |
| ६ | अल्या | १०००००० |
| | *जम्मा* | *२०५९१५४२२* |
| ७ | संघीय सरकार समपूरक अनुदान | १०००००० |
| ८ | संघीय सरकार विशेष अनुदान | १०००००० |
| ९ | संघीय शसर्त अनुदान | २२२१००००० |
| १० | कर्णाली प्रदेश समपूरक अनुदान | १०००००० |
| ११ | कर्णाली प्रदेश विशेष अनुदान | ८०००००० |
| १२ | कर्णाली प्रदेश शसर्त अनुदान | २७५५०००० |
| | *जम्मा* | *२८७६५००००* |
| | कूल जम्मा | ४९३५६५४२२ |

| बजेटको प्रकृति | रकम | प्रतिशत |
|---|---|---|
| चालु | ३६८०६५४२२ | २५.४३ |
| पुँजीगत | १२५५००००० | ७४.५७ |
| **जम्मा** | ४९३५६५४२२ | १०० |